नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

## प्रेस विज्ञप्ती- ९१

### " सहकारीको रकम हिनामिना गर्ने कार्यमा संलग्न व्यक्तिहरु पक्राउ''

काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ९ स्थित श्री एकता बुद्ध वचत तथा ऋण सहकारी संस्था लि. ले सहकारी संस्थाका बचत कर्ताहरुबाट मुद्दती तथा बचत खातामा करोडौं रुपैँया निक्षेप संकलन गरी संस्थाका संचालकहरुले व्यक्तिगत लाभका लागि व्यक्तिगत रुपमा धितोपत्र खरिद विक्रि गर्ने, घर जग्गा खरिद विक्रि गर्ने जस्ता सहकारी ऐन,२०७४ विपरीतका काम गरी संस्थालाई धरासायी बनाई बचतकर्ताहरुले बचत गरेको रकम फिर्ता लिन जाँदा मुद्दती खातामा रहेको रकमको भुक्तानी मिति नाघे पछि पनि फिर्ता नगरी संस्थाले गरेको ठूलो धनरासीको अपचलन लाई ढाकछोप गर्ने गरी संस्थाका पदाधिकारीहरुले बचतकर्ताहरुलाई प्रलोभनमा पारी ठगी गरेको हुँदा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, सहकारी महाशाखाको च.नं. ५४०, मिति २०७९/१२/०९ गतेको प्राप्त पत्र र श्री एकता बुद्ध वचत तथा ऋण सहकारी संस्थाका संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारीहरु र व्यवस्थापकले १७७ जना जाहेरवालाहरुको जम्मा रु.८,१८,८९,७९५/- (अक्षरुपी आठ करोड अठार लाख उनानब्बे हजार सात सय पन्चानब्बे रुपैँया) ठगी गर्ने कार्यमा संलग्न रहेको भन्ने जाहेरीका आधारमा निम्न व्यक्तिहरुलाई मिति २०८०/०२/१६ गते काठमाडौंको विभिन्न स्थानहरुबाट पक्राउ गरी सम्मानित जिल्ला अदालत काठमाडौंबाट म्याद थप भई अनुसन्धान कार्य भईरहेको ।

**पुनश्चः- साथै उल्लेखित सहकारी संस्थाबाट पिडित भएका जाहेरी दिन बाँकी निक्षेपकर्ताहरुले यस ब्यूरोमा यथाशिघ्र जाहेरी दिनहुन समेत सुचित गरिएको छ ।**

### पक्राउ भएका व्यक्तिहरुको विवरण :

१) **नाम थर:-** भानु कुमार शर्मा

**वतन :-** जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -९ बस्ने

**वर्ष:-** ७२

**पद:-** कार्यकारी अध्यक्ष



२) **नाम थर:-**प्रमोद कुमार न्यौपाने

**वतन :-** जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -९ बस्ने

**वर्ष:-** ६७

**पद:** उपाध्यक्ष



३) **नाम थर:-** सोमलाल श्रेष्ठ

**वतन :-** जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -९ बस्ने

**वर्ष:-** ५०

**पद:-** सचिव



४) **नाम थर:-** राम कुमार श्रेष्ठ

**वतन :-** जिल्ला गोरखा, पालुङटार न.पा. वडा नं. ०७ स्थाई वतन भई हाल जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -९ बस्ने

**वर्ष:-** ५८

**पद:-** कोषाध्यक्ष



५) **नाम थर:-** विर बहादुर तामाङ

**वतन :-** जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -९ बस्ने

**वर्ष:-** ५२

**पद:-** सदस्य (ऋण संयोजक)



६) **नाम थर:-** शम्भु कार्की

**वतन :-** जिल्ला काठमाडौं , बुढानिलकण्ठ नगरपालिका वडा नं. -८ बस्ने

**वर्ष:-** ३४

**पद:-** व्यवस्थापक



मिति: २०८०/०२/१७ गते।

**प्रहरी उपरीक्षक**

**( संजय सिंह थापा)**

**प्रवक्ता एवंम सूचना अधिकारी**

**सम्पर्क नम्बर: ९८५१२९१३११**